प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

**सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष**

कार्यकारी निर्देशकको नियुक्तिका लागि गठित छनौट तथा सिफारिस समितिको

**पदपूर्ति सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित मिति: २०७७/६/१५

सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष ऐन, २०७५ को दफा १५ बमोजिम कोषको कार्यकारी निर्देशक पदमा खुला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा नियुक्त गर्ने प्रयोजनार्थ सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष ऐन, २०७५ को दफा १५ को उपदफा (४) मा भएको व्यवस्था तथा देहायको न्यूनतम शैक्षिक योग्यता र अनुभव पुरा गरेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस मन्त्रालयमा आवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ।

१. योग्यता तथा अनुभव:

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, व्यवस्थापन, वाणिज्य वा जनप्रशासन विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरेको।

(ख) सरकारी, गैर-सरकारी संस्था वा कुनै बैंक तथा वित्तीय संस्थामा अधिकृतस्तरको पदमा रही कम्तिमा १० वर्ष काम गरेको अनुभव भएको ।

(ग) ३५ वर्ष उमेर पुरा भई ६० वर्ष उमेर ननाघेको नेपाली नागरिक।

२. दरखास्त पेश गर्ने प्रक्रिया:

(क) दरखास्त साथ आर्थिक मामिला तथा योजना मन्त्रालय, धनगढी, कैलालीको website: moeap.p7.gov.np मा प्रकाशित सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोषको कार्यकारी निर्देशक नियुक्तिको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७७ को दफा ३ बमोजिमको कागजात तथा विवरण र दफा ४ अनुसारको स्वयं घोषणाको व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

(ख) दरखास्त पेश गर्दा शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, वैयक्तिक विवरण र २ प्रति पासपोर्ट साइजको फोटो तथा उपर्युक्त कार्यविधिको दफा ६ बमोजिमको व्यावसायिक कार्य योजना (पाँच हजार शब्दमा नबढ्ने गरी) खामबन्दी गरी आर्थिक मामिला तथा योजना मन्त्रालय, धनगढी, कैलालीको प्रशासन महाशाखामा पेश गर्नु पर्नेछ। खामबन्दी प्रस्तावको खाम बाहिर **"सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष कार्यकारी निर्देशकका लागि आवेदन तथा व्यावसायिक कार्य योजना"** उल्लेख गरेको हुनु पर्नेछ।

३. व्यावसायिक कार्य योजनाको प्रस्तुतीकरण:

छनौट सूचीमा परेका उम्मेदवारले आफुले पेश गरेको व्यावसायिक कार्य योजना तोकिएको मिति र समयमा प्रस्तुतीकरण समेत गर्नु पर्नेछ।

४. दस्तुर:

दरखास्त दस्तुर वापत आर्थिक मामिला तथा योजना मन्त्रालय, धनगढी, कैलालीको कार्यालय कोड नं. : ३०५००७७०१७, राजस्व खाता: १०००२०००१०००० तथा राजस्व शीर्षक: १४२२९. मा जम्मा हुने गरी **राष्ट्रिय वाणिज्य बैंक, धनगढी** शाखामा रू. ३,०००।- (अक्षरेपी तीन हजार मात्र) बुझाएको सक्कलै भौचर पेश गर्नु पर्नेछ।

५. पारिश्रमिक:

कार्यकारी निर्देशकलाई सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष ऐन, २०७५ को दफा १५ को उपदफा (९) मा उल्लेख भए बमोजिम मासिक पारिश्रमिक र अन्य सेवा सुविधा उपलब्ध गराइनेछ।

६. पदावधि:

कार्यसम्पादन करार बमोजिम कार्यकारी निर्देशकको पदावधि ४ वर्षको हुनेछ ।

७. अन्य विवरण:

(क) सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोषको कार्यकारी निर्देशक नियुक्तिको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७७ बमोजिमको काम, कर्तव्य तथा अधिकार र व्यावसायिक कार्य योजनामा समावेश गर्नु पर्ने विषयका सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालय, धनगढी, कैलाली moeap.p7.gov.np बाट जानकारी लिन सकिनेछ।

(ख) यो सूचना बमोजिम प्राप्त भएका दरखास्त छनौट तथा सिफारिस समितिले कुनै कारण उल्लेख गरी वा नगरी रद्द गर्न सक्नेछ।

(ग) झुट्टा विवरण वा कागजात पेश गरेमा आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

(घ) यस सम्बन्धी थप जानकारीका लागि आर्थिक मामिला तथा योजना मन्त्रालय, धनगढी, कैलालीको प्रशासन महाशाखा वा टेलिफोन नं. ०९१-५२२८१९ मा सम्पर्क गर्न सकिनेछ।